नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# भूकम्प प्रभावित क्षेत्रमा तत्काल राहत सहयोग संचालन कार्यबिधि, २०७२

वि.सं. २०७२ साल वैशाख १२ गते र त्यसपछि आएका भूकम्पबाट प्रभावित भई नेपाल सरकारद्धारा संकटग्रस्त क्षेत्र भनी घोषणा गरिएका १२ जिल्लाका भूकम्प प्रभावितहरुलाई स्थानीय निकाय मार्फत तत्काल राहत कार्य संचालन गर्नका लागि नेपाल सरकार,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७२।१।१६ को निर्णयानुसार भूकम्प प्रभावित क्षेत्रमा तत्काल राहतकार्य संचालन गर्नका लागि देहाय बमोजिमको कार्यबिधि जारी गरिएको छ ।

१. संकटग्रस्त मध्ये सिन्धुपाल्चोक, गोरखा, नुवाकोट, रसुवा, र धादिङ जिल्लाका सबै गाविस (२५३) लाई प्रति गाविस रु ९ लाखका दरले रकम उपलब्ध गराउने ।

२. संकटग्रस्त मध्ये ललितपुर, काभ्रेपलान्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्लाका सबै गाविस (२४२) लाई रु ४ लाख ५० हजारका दरले रकम उपलब्ध गराउने ।

३. संकटग्रस्त १२ जिल्ला मध्ये नगरपालिका रहेका ११ जिल्ला (सिन्धुपाल्चोक, गोरखा, नुवाकोट, धादिङ, काठमाडौ, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, दोलखा, रामेछाप र सिन्धुली) का सम्पूर्ण नगरपालिका (३८) का सबै वडा ( ५७८) लाई प्रतिवडा रु २ लाखका दरले रकम उपलब्ध गराउने ।

४. गाविसको हकमा जिविसमार्फत र नगरपालिकाको हकमा सीधैं नगरपालिकामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट चालु वर्षको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम - एलजिसिडिपी - (ब.शि.नं. ३६५८१९) मा व्यवस्था भएको अनुदान रकम २६३१२ बाट विशेष अनुदान उपलब्ध गराइनेछ । यो रकमको निकासा र खर्चका सम्बन्धमा सम्बन्धित जिल्ला दैवी प्रकोप उद्दार समितिलाई सम्बन्धित स्थानिय विकास अधिकारी/कार्यकारी अधिकृतले जानकारी गराउनुपर्नेछ ।

५. यो रकम नियमित प्रक्रियाबाट अख्तियारी जारी भइ सम्बन्धित गाविस र नगरपालिकामा नपुगुन्जेलका लागि सम्बन्धित गाविस र नगरपालिकाले आफ्नो कोषमा रहेको जुनसुकै मौज्दातबाट यो निर्देशिकाको अधिनमा रही तत्काल ३० दिनभित्र खर्च गर्नुपर्नेछ । यदि गाविसको खातामा तत्काल रकम मौज्दात नभएमा सम्बन्धित जिविसले जुनसुकै खातामा उपलब्ध रकमबाट तत्कालै गाविसलाई उपलब्ध गराउनु पर्नेछ । यसरी गरिएको खर्च निकासा प्राप्त भएपछि सोधभर्ना गर्नुपर्नेछ ।

६. यसरी प्राप्त रकम गाविस र नगरपालिकाले भुकम्पबाट पर्न गएको असरको गम्भीरताको आधारमा प्राथमिकीकरण गरी आवश्यकता अनुसार देहाय बमोजिम शीर्षकमा खर्च गर्नेछन् । यसरी खर्च गर्दा वस्ति तथा वडामा भएको क्षतिको विश्लेषण गरी स्रोतको उपयोग गर्नुपर्नेछ । यो रकम दामासाहीले वितरण गर्न पाइनेछैन ।

क) खानेपानी, जीवनजल र प्राथमिक उपचार व्यवस्थापन
ख) तत्कालका लागि अस्थायी आवास सिविर व्यवस्था गर्न सामाग्री व्यवस्थापन
ग) बढिमा ७ दिनका लागि खानाको व्यवस्थापन
घ) अस्थाई चर्पी तथा सरसफाइ व्यवस्थापन

सहसचिव

७. यस कार्यबिधि अनुसारको रकम खर्च गर्दा अती प्रभावित घरधुरीका व्यक्तिहरुमध्ये पनि विशेषत: महिला, बालबालिका, असाहय, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अती गरीबलाई प्राथमिकता दिनुपर्नेछ ।

८. यस रकमको विनियोजन, परिचालन तथा अनुगमन गर्न गाविस तथा नगरपालिकाका वडामा तपशिल बमोजिमका व्यक्तिहरु रहने एउटा समिति रहनेछ ।

| | |
|---|---|
| गाविसको हकमा गाविस सचिव र नगरपालिकाको हकमा वडा सचिव | संयोजक |
| वडा नागरिक मञ्चका संयोजकहरु | सदस्य |
| वडा नागरिक मंचहरुका सदस्य मध्ये समितिले तोकेको १ जना महिला प्रतिनिधि | सदस्य |
| एलजिसिडिपीको सामाजिक परिचालक | सदस्य सचिव |

(त्यस्तो सामाजिक परिचालक नभएको अवस्थामा संयोजकले तोकेको गाविस/नपाको कर्मचारीले सदस्य सचिवको रुपमा काम गर्नेछन् ।)

९. यो कार्यविधि अनुसार अति प्रभावित वडामा तत्काल राहत कार्यक्रम सन्चालन गर्दा सम्बन्धित वडा नागरिक मञ्चलाई परिचालन गर्नुपर्नेछ ।

१०. यो समितिको कार्यावधि २०७२ जेठ मसान्त सम्म कायम रहनेछ । यो रकम २०७२ जेठ २५ गते भित्र खर्च गर्नुपर्नेछ । यसरी खर्च नभएको रकम गाविसले सम्बन्धित जिल्ला विकास समितिमा फिर्ता गर्नुपर्नेछ । समितिले २०७२ जेठ मसान्त भित्र यस्तो खर्चको सार्वजनिक परीक्षण गरी गाविसको हकमा जिविस मार्फत र नगरपालिकाको हकमा सीधै मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । साथै, नगरपालिकाको हकमा यस्तो विवरण जिल्ला विकास समितिमा समेत पठाउनुपर्नेछ ।

११. एलजिसिडिपीको सम्बन्धित क्षेत्रीय समन्वय कार्यालयले यस कार्यविधिको कार्यान्वयनमा सहजिकरण गर्नुपर्नेछ ।

सहसचिव